October 2013

# TODAY

(Newsletter of EURASIA REIYUKAI)

बर्ष-१ अंक-४

## यूराशिया रेयूकाईको आव्हान

१) महागुरु काकुतारो कुबोज्यूको ७०औं पुण्यतिथि स्मरण समारोहमा १८ नोभेम्बर २०१३ का दिन आ-आफ्नो मिहाता शाखा वा पाएक पर्ने संस्कृति केन्द्रमा सदस्यहरु सँग-सँगै सहभागी बनौं ।

२) हरेक महिना मिहाता शाखा एवं संस्कृति केन्द्रहरुमा आयोजना हुने ९, १६ र १८ तारिखको भेलाहरुमा अवश्य सहभागी बनौं ।

## यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूले प्रदान गर्नु भएको मार्गनिर्देशन



- मिचिबिकी भनेको सोकाईम्यो स्थापना गरेर निलसूत्र पाठ गरेर अनि सन्तती र पुर्खाहरुलाई सोकाईम्यो मार्फत् संचार गर्ने । कृतज्ञताको भावना लिएर यस्तो भावना मानिसको रुपमा स्वभाविक हुनुपर्ने हो, भएको छैन । यसलाई जागृत गराउने मौका पाउने हो ।
- मिचिबिकी गरेका व्यक्तिले एकजना मिचिबिकी गऱ्यो भन्नुको मतलब त्यो एउटा घरको पुर्खाहरुलाई बचाउने मौका पायौं भनेको हो । त्यस्तो कार्य गर्ने मौका पाउनु महत्वपूर्ण छ । त्यो मिचिबिकीको ओयाले आफ्नो सदस्यलाई प्रवाह गर्नु पर्दछ, सँगसँगै सूत्रपाठ चढाउने मौका पाउने, त्यसो गरेन भने प्रवेश गरेतापनि के गर्ने हो तरिका थाहा पाउँदैन ।
- पुण्यफल संचित गर्ने मौका पाउनु पर्छ । आफूले पनि पुण्यफल संचित गर्ने मौका पाउने हो भने मिचिबिकी भएको सदस्यलाई पनि पुण्यफल संचित गर्ने मौका प्रदान गर्ने ।
- मिचिबिकी ओयामा दया नभएको हुनाले सदस्यले छाडेर जान्छ । जन्माएर छोडिदियो भने जनावर होस्, मानिस होस् त्यत्तिकै मर्छ दया गरी सदस्यहरुलाई हुर्काएर सेवा गरिरहेको हुनुपर्छ ।
- कोतानी महाओन्सीज्यूले युवाहरु प्रति एकदमै आशा लिनु भएको थियो । जापान अभ्यासमा गएका व्यक्तिहरु मिरोकुशान अभ्यासमा सहभागी भएका व्यक्तिहरु हुनुहुन्छ होला । त्यो युवाहरुको लागि अभ्यास गर्ने थलोको रुपमा मिरोकुशान बनाईएको थियो । त्यसपछि युवाहरुलाई लक्ष्य गरेर युवाको ठूलो मनलाई लिएर कार्यान्वयन गर्ने रुपमा गरिएको थियो । सद्धर्मपुण्डरीक सूत्रको शक्तिलाई लिएर त्यसलाई साकार गर्ने हो भनेर मार्गनिर्देशन गर्नुभयो । तपाईहरुले पनि सुनेको कुरालाई आफूले कार्यान्वयन गरेर कार्यान्वयन गराउने । महत्वपूर्ण कुरा मैले जहिले पनि भनेको छु कोतानी महाओन्सीज्यूले यसो भन्नुभयो, कुबो महाओन्सीज्यूले यसो भन्नुभयो, सूत्रमा यस्तो लेखेको छ । अवश्य शुरुमा मैले यो जोडेर भन्ने गरेको छु । तर तपाईहरुले आफ्नै विचारले भनेको जस्तो गरी भनिरहेको छ । कोबाट सुनेको, कसले सिकाएको, कोबाट मार्गनिर्देशन पाएको त्यो भन्ने बानी छैन । त्यसो भयो भने जोजोमेन हुन्छ । जसले सुनेको हो त्यसको मनमा पनि पस्दैन । सूत्रमा पनि लेखिएको छ । यसरी मैले सुने भनेर, यसरी भनेको थियो भनेर, बुद्धले भन्नु भयो, यसरी देशना दिनुभयो भनि लेखिएको छ । जथाभावी बनाएको छैन यसरी भनेको, यसरी सुनेको भनेर अवश्य लेखेको छ त्यो महत्वपूर्ण छ ।
- धेरै व्यक्तिहरुलाई रेयूकाईको शिक्षा जानकारी गराउँदै जाने । मिचिबिकी नगरेपनि हुन्छ, सूत्रपाठ नगरेपनि हुन्छ भनेर गरिराखेको यूराशिया रेयूकाई होईन । प्रयास गरेर दु:ख गरेपछि त्यसको परिणाम खुशीको रुपमा आउँछ । त्यो आफ्नो पुर्खाहरुको लागी पनि खुशी बन्छ ।
- आफूबाट कार्यान्वयन गरि अरु एक-एक व्यक्तिलाई कार्यान्वयन गराउने र हुर्काउने । मिचिबिकीको ओयाले आफूले कार्यान्वयन गरेर मिचिबिकी भएको व्यक्तिहरुलाई कार्यान्वयन गराउने । भेलाहरु महत्वपूर्ण छ । भेला गरेपछि महशुस हुन्छ ।
- युवाहरुको अहिले केही पनि छैन त्यसको वास्तविक अब निकाल्नु पर्छ । मैले आफ्नो तर्फबाट आफ्नो स्वास्थ्यको ख्याल राखेर कोशिस गर्ने मौका पाएर म आफूले सबभन्दा मुनि बसेर त्यो भारलाई मैले तान्दै जानुपर्छ । तपाईहरु पनि त्यो जुन त्रिकोण छ त्रिकोणको मुनि हुनुहुन्छ, म ठूलो त्रिकोणको मुनि छु भने तपाईहरु त्यो त्रिकोणको माथि जुन सानो त्रिकोण छ त्यो त्रिकोणको मुनि हुनुहुन्छ । त्यो त्रिकोणलाई तपाईहरुले उचाल्नु पर्छ ।
- "यूराशिया रेयूकाई मेरो गौरव हो" भन्ने भावना बोकी अभ्यास नगरिकन हुँदैन ।

**मिचिबिकी :** रेयूकाई सदस्यता आवेदन फाराम भरेर महान् प्रवेश शुल्क बुझाउने मौका पाएमा प्रवेश गरेको हुनजान्छ । मिचिबिकी भनेको सदस्यको घरमा गई सोकाईम्यो स्थापना गरी सँगसँगै सूत्रपाठ गर्न सिकाई पुर्खाहरुलाई केन्द्रबिन्दु बनाई जीवनयापन गरीरहेको घर परिवार निर्माण गर्नु नै मिचिबिकी हो ।

– युशुन मासुनागा, संस्थापक अध्यक्ष-यूराशिया रेयूकाई

## भगवती प्रा.वि. लाई आर्थिक सहयोग




यूराशिया रेयूकाईको तर्फबाट कास्की जिल्ला पुम्दीभुम्दी गा.वि.स. स्थित स्थिरमति पहाडको नजिकै रहेको श्री भगवती प्रा.वि.को नवनिर्मित भवन निर्माणार्थ रु. १ लाखको चेक यूराशिया रेयूकाई नेपालका अध्यक्ष श्री विष्णु प्रसाद पौडेलले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री प्रकाश गुरुङ्गलाई २०७० साल भाद्र २७ गतेका दिन एक समारोह बीच हस्तान्तरण गर्नुभयो ।

यूराशिया रेयूकाईको मुख्य लक्ष्य विश्वशान्तिको लागि योगदान दिने धेरैभन्दा धेरै व्यक्तिहरु निर्माण गर्ने साथै सामाजिक कृयाकलाप अन्तर्गत समाज विकासमा सक्दो सहयोग गर्ने लक्ष्य अनुरुप विद्यालयको भवन निर्माणार्थ आर्थिक सहयोग प्रदान गरीयो । उक्त चेक हस्तान्तरण कार्यक्रममा विद्यालयका शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी, अभिभावकहरु र विद्यार्थीहरु समेतको उपस्थिति रहेको थियो ।

## यूराशिया रेयूकाईद्वारा डेंगु विषयमा जनचेतना अभियान




यूराशिया रेयूकाई प्रधान कार्यालय एवं यूराशिया रेयूकाई १८औं र २१औं शाखाको संयुक्त आयोजनामा १३ सेप्टेम्बर २०१३ का दिन भारतको सिलिगुडीको बंकिमनगर, शास्त्रीनगर, ग्रीनपार्क क्षेत्रहरुमा डेंगु सम्बन्धि जनचेतना अभियानको संचालन गरियो । यस अभियान अन्तर्गत सडकको दुवैतर्फको नाली साथै पानी जमेको ठाऊमा सरसफाई गरी ब्लीचिंग पाउडर छर्किनुका साथै जन मानसमा डेंगुसँग बँच्ने, सतर्क हुने एवं डेंगु विषयमा जानकारीमूलक विभिन्न भाषामा तयार गरिएको पर्चा वितरण गरियो । उक्त दिन एक कार्यक्रममा डा.सुनिल कुमार सिंहबाट डेंगु सम्बन्धि जानकारी गराउनु भएको थियो ।

# खुशीको अनुभव



नाम : रियल मुडभरी
उपाधी : जुनहोजाशु
शाखा : यूराशिया रेयूकाई १५औं शाखा
क्षेत्र : कौशलटार, भक्तपुर ।

सबैलाई नमस्कार !

मेरो नाम रियल मुडभरी हो । म यूराशिया रेयूकाई १५औं शाखाको जुन होजाशुको रुपमा अभ्यास गर्ने मौका पाईरहेको छु । म १५ वर्षको भएँ, मेरो ओया देवु मुडभरी र शिबुचो रोशन राज मुडभरी हुनुहुन्छ । म जन्मनुभन्दा पहिलादेखि नै बुबाआमा रेयूकाई शिक्षाको अभ्यास गरिरहनु भएको थियो । मैले दोश्रो पुस्ताको रुपमा रेयूकाई शिक्षा ग्रहण गर्ने मौका पाएँ । बुबालाई परिवार पाल्न पनि एकदमै अप्ठ्यारो परेको समयमा मेरो जन्म भएको थियो । बुबाआमाले म र भाईलाई सँग-सँगै लिएर विभिन्न भेला कार्यक्रममा जानु हुन्थ्यो । रेयूकाईको थुप्रै सदस्यहरु हाम्रो घरमा हुने पारिवारिक भेलामा आई रहनुहुन्थ्यो । त्यहि भेलाबाटै रेयूकाई शिक्षाको कुराहरु र अभ्यासहरुका बारेमा सानैदेखि सिक्ने मौका पाउँदै आईरहेको छु । बुबाआमा सँग-सँगै मिहाता शाखामा हुने विभिन्न भेला तथा अभ्यास कार्यक्रमहरुमा सहभागी हुने मौका पाएको छु । मिलियन अभियानलाई कार्यान्वयन गर्ने मौका पाई बनाएको सदस्यको घरमा सोकाईम्यो स्थापना गर्ने, मिचिविकी गर्ने, अभिभावकहरु सँग-सँगै सूत्रपाठ गर्ने, कामना गर्ने मौका पाईरहेको छु ।

म सानो छँदा रेयूकाईको कार्यक्रमहरुमा हामीलाई बच्चा हेरचाह गर्ने ठाउँमा राखिन्थ्यो । आज भोलि संस्थापक अध्यक्षज्यूबाट म्योईचिकाईको गठन गरिदिनु भएर म्योईचिकाई गीत, डान्स र कार्यक्रममा बच्चाहरु पनि बस्न पाउने कुरा मलाई एकदमै मन परेको छ । रेयूकाई शिक्षामा अभ्यास गर्ने मौका पाएकोले ममा, पढाईमा, अरुप्रति आदर गर्ने भावना, समाजमा हुने विभिन्न सामाजिक कृयाकलापमा सहभागी हुने, असल नागरिक बन्न, आफ्नो जीवन परिवर्तन गर्न, अरुको बारेमा सोच्न सक्ने, अरुलाई सहयोग गर्ने, अभिभावकप्रति भक्ति गर्ने, देशप्रति सोच्ने भावनाको विकास भएको छ । म को हुँ र मेरो जिम्मेवारी कर्तव्य के हो भन्ने कुरा रेयूकाईबाट सिक्ने, महशुस गर्ने मौका पाएको छु । अभिभावको सहयोग लिएर म पढ्ने स्कूलमा साथीहरुलाई भेला गरी रेयूकाई शिक्षा सम्बन्धी जानकारी गराउने, मिचिविकी गर्ने र उहाँहरुको घरमा सोकाईम्यो स्थापना गरी सँग-सँगै सूत्रपाठ गरी सिकाउने गर्दै आएको छु । मिचिविकी गराएका साथीहरुलाई मिहाता शाखामा हुने विभिन्न भेलाहरु एवं घरमा हुने पारिवारिक भेलामा बोलाएर सँग-सँगै अभ्यास गर्ने मौका पाउँदै आएको छु । यस वर्ष सदस्य सँग-सँगै अभ्यास गरी ५० जनाभन्दा बढी मिचिविकी गर्ने मौका पाई ५ जना जनु होजाशु उत्पादन गरी सन् २०१४ मा हुने गोहोम्यो आत्माग्रहण समारोहमा सहभागी बन्ने प्रतिज्ञा गर्दै जीवन रहेसम्म महान् रेयूकाई शिक्षालाई आफूले कार्यान्वयन गरी अरुलाई पनि कार्यान्वयन गराई असल परिणाम देखा पार्ने प्रतिज्ञा गर्दछु ।

*नामु-म्योहोरेङ्गे-क्यो*

# जलवायू परिवर्तनको असरलाई कसरी कम गर्न सकिन्छ ?

१) वृक्षारोपण गरौं ! वृक्षारोपण गरौं !! वृक्षारोपण गरौं !!!

२) वातावरणीय प्रदूषणलाई कम गर्न र जलवायू परिवर्तनलाई चेतना जगाउन हामीले लगभग एक टन कागज बचत गर्दा १७ वटा रुख बचत हुन्छ । २६,२८१ लिटर पानी बचत हुन्छ । २६४ किलो वायू प्रदूषण कम हुन्छ । ८ घन फिट भू क्षय हुन बाट जोगिन्छ । १,७५२ लिटर तेलको बचत हुन्छ र ४७७ किलोवाट उर्जा शक्ति बचत हुन्छ । तसर्थ अनावश्यक कागज खर्च कम गरी प्रयोग भईसकेको कागजलाई पुन प्रयोग हुने सजावटको सामान, सामान राख्ने झोला बनाएर पुन प्रयोग गर्ने कामको थालनी आजैदेखि गरौं ।

३) एउटा घरमा २ हप्तामा प्रयोग हुने औसत बिद्युत, ग्याँस, कोइला र तेलहरुबाट ३८६.४ किलोग्राम कार्वन डाइअक्साइड उत्पादन हुन्छ, त्यसैले यी वस्तुहरुको प्रयोगमा मितव्ययिता अपनाऔं ।

४) बिद्युतिय उपकरणहरु चालु अवस्थामा राखी राख्दा लगभग १० प्रतिशत बिद्युत बढी खपत हुन्छ, यदी बन्द गरी राख्दा त्यसबाट प्रतिवर्ष १५० किलोग्राम कार्वन डाइअक्साइड बचत हुन्छ, त्यसैले बिद्युतिय उपकरणहरु उपयोग पछि पूर्णरुपमा बन्द गरौं ।

५) एउटा कम्प्युटरको मनिटरलाई रातभर स्वीच अफ गरी राख्दा त्यसबाट बचत भएको शक्तिबाट माइक्रोवेभ ओभनबाट ६ रातको डिनर तयार हुन्छ तसर्थ मनिटर स्वीच अफ गर्ने बानी बसालौं ।

६) कोठामा बिद्युतिय उपकरण उपयोग नहुँदा स्वीच अफ गरेर राख्दा प्रतिवर्ष ३० किलोग्राम कार्वन डाइअक्साइड बचत हुन्छ तसर्थ बिद्युतिय उपकरण प्रयोग पश्चात् स्वीच अफ गर्ने बानी बसालौं ।

७) घरमा प्रयोग हुने थर्मोस्टाटको तापक्रम १ डिग्रीको दरले कम गर्दै लैजादाँ १० प्रतिशत बिद्युत महशुल कम भई प्रतिवर्ष ३०० किलोग्राम कार्वन डाइअक्साइड बचत हुन्छ, त्यसैले थर्मोस्टाटको तापक्रमलाई नियन्त्रण गर्दा ध्यान दिऔं ।

८) एउटा औसत पेट्रोल कार एक हप्तामा १० माइल कम चलाउँदा प्रतिवर्ष १७५ किलोग्राम कार्वन डाइअक्साइड बचत हुन्छ, तसर्थ अनावश्यक रुपले पेट्रोल कार नचलाऔं ।

९) यदी हरेक घरमा मात्र ३ वटा बिद्युतिय CFL चिमहरु परिवर्तन गर्दा बचत हुने शक्तिबाट सडक बत्ती बाल्न पुग्ने उर्जा संचित हुन्छ, त्यसैले सकेसम्म CFL चिमहरु प्रयोग गर्ने बानी बसालौं ।

१०) एउटा रुखले प्रतिवर्ष लगभग १० किलोग्राम कार्वन डाइअक्साइड खपत गर्छ तसर्थ जथाभावी रुख नकाटौं ।

११) स्क्रिन सेभरको प्रयोग नगर्दा प्रतिवर्ष ८१० किलोवाट शक्ति बचत भई ३४८ किलोग्राम कार्वन डाइअक्साइड बचत हुन्छ त्यसैले सकेसम्म स्क्रिन सेभरको प्रयोग नगरौं ।

# यूराशिया रेयूकाईद्वारा विभिन्न समयमा सम्पन्न कृयाकलापहरुको फोटो झलक



मैनबत्ती बनाउने तालिम, ईलाम



चित्रकला प्रतियोगिता, बिलासपुर भारत



म्योईचिकाई भेला, नेपालगञ्ज



रेयूकाई परिचयात्मक कार्यक्रम, पाँचखाल



सर-सफाई कार्यक्रम, धरान



होजाईन भन्दा माथिको लिडर्स अभ्यास कार्यक्रम, पत्थरझोडा, भारत



उद्घोषण तालिम समापन, टिकापुर



फेब्रिक पेन्टिङ्ग तालिम, धोबिधारा

TODAY कस्तो लाग्यो ? कस्तो बिषय बस्तु राख्दा राम्रो हुन्छ कृपया सुझावको लागी अनुरोध छ ।

यूराशिया रेयूकाई सम्बन्धी विस्तृत जानकारीको लागिः www.eurasiareiyukai.com